कपुरकोट गाउँपालिकाको कृषि ऐन, २०८०

| सभाबाट स्वीकृत मितिः- | |
|---|---|

कपुरकोट गाउँपालिका

सल्यान, कर्णाली प्रदेश

# कपुरकोट गाउँपालिकाको कृषि ऐन, २०८०

**प्रस्तावना:** नेपालको संविधान वमोजिम खाद्य सम्वन्धीहकको संरक्षण गर्दै स्थानीय तहमा कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी र कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रणलाई व्यवस्थित तवरले कार्यान्वयन गर्दै, कृषि प्रणालीलाई दिगो, आधुनिकिकरण र व्यावसायिकरण गरी समग्र कृषि क्षेत्रको विकास, व्यवस्थापन र सुशासन कायम गरी कृषिमा आश्रीत घर परिवार तथा समुदायको आर्थिक समृद्धि हासिल गर्न आवश्यक व्यवस्था वाञ्छनिय भएकोले, नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ वमोजिम गाउँ सभाले यो ऐन वनाएको छ ।

## परिच्छेद –१

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ**

(१) यस ऐनको नाम "कपुरकोट गाउँपालिकाको कृषि ऐन, २०८०"रहेकोछ।

(२) यो ऐन गाउँ सभाबाट पारित भएपछि प्रारम्भ हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्कअर्थ नलागेमा यस ऐनमा –

(क) "अध्यक्ष"भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ।

(ख) "उपाध्यक्ष"भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ।

(ग)"कृषि"भन्नाले अनुसूची(१)मा उल्लेख भए वमोजिमका विषयसँग सम्वन्धित कृषिलाई सम्झनुपर्दछ र सोशव्दले व्यावसायिक कृषिलाई समेत जनाउँछ ।

(घ)"स्थानीय सरकार"भन्नाले कपुरकोट गाउँपालिकाका वडाहरु र गाउँमा निर्वाचित जनप्रतिनिधिहरु सम्झनु पर्छ ।

(च) "सभा"भन्नाले गाउँसभा सम्झनुपर्छ।

(छ)"कृषक"भन्नाले कृषिलाई मुख्य पेशा वा व्यवसाय बनाई त्यस बाटनै आफ्नो जीविकोपार्जन गर्नेव्यक्ति सम्झनु पर्छ र सो शब्दले निजमा आश्रित परिवारका सदस्य वा वर्षको छ महिना वा सोभन्दा बढी अवधि कृषि कार्यमा श्रमगर्ने वा परम्परागत कृषि औजार निर्माण गर्ने व्यक्ति वा परिवारका सदस्य समेतलाई जनाउँछ ।

(ज) "कृषक समूह"भन्नाले स्थानीय तहमा दर्ता भई कृषि उत्पादन तथा पशुपंछी पालन व्यवसायमा संलग्न किसानको समुहलाई सम्झनु पर्छ ।

(झ) "कृषि सहकारी"भन्नाले सहकारी ऐन अन्तर्गत कृषि तथा पशुपंक्षी व्यवसाय गर्ने मूल उद्देश्य राखी दर्ता भएको सहकारी संस्थालाई सम्झनुपर्दछ।

(ञ) "तोकिएबमोजिम"भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम संझनुपर्छ ।

(ट)"पकेटक्षेत्र" भन्नाले गाउँपालिकाको आवश्यकता र स्थानीय सम्भाव्यताका आधारमा कृषि र पशुपंक्षीजन्य उत्पादनको व्यवसायिक उत्पादन क्षेत्रलाई सम्झनु पर्छ।

(ठ)"स्थानीय कृषि स्रोत व्यक्ति"भन्नाले कृषि सम्वन्धि व्यवसाय, कृषि सामाग्री आपुर्ति, वा कृषि प्रसारमा संलग्न ग्रामिण कृषि कार्यकर्ता, ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता, कृषि तथा पशुपंक्षी सम्वन्धि अध्ययन गरेका, कृषि तथा पशुपंक्षी क्षेत्रमा तालिम हासिल गरेका, नर्सरी धनी, एग्रोभेट संचालक, कृषि तथा पशुपन्छी सेवाबाट सेवा निवृत कर्मचारी, कृषि सहकारी संचालक, कृषि उद्यमी, व्यवसाय विकास सेवा प्रदायक, वित्तिय सेवा प्रदायक, विमा सहजकर्ता, आदि जसले आफुले काम गरी अनुभव हासिल गरेका, जानेका विषयमा कृषक, कृषक समुह, कृषि सहकारी तथा कृषि उद्यमीहरुलाई तालिम तथा प्राविधिक सेवा दिन सक्ने व्यक्तिलाई जनाउने छ ।

## परिच्छेद –२

## स्थानीय कृषि तथा पशुपंक्षी सम्बन्धी निर्देशक सिद्धान्त

**३. मार्ग निर्देशनका रुपमा रहने**

(१) यस परिच्छेदको दफाहरुमा उल्लेखित निर्देशक सिद्धान्त मार्ग निर्देशनका रुपमा रहनेछन्।

(२) सिम्तागाउँकार्यपालिकाले यस परिच्छेदको दफाहरुमा उल्लेखित सिद्धान्तको कार्यान्वयन गर्न आवश्यकता अनुसार संस्थागत संरचना, जनशक्ति एवं श्रोत साधन परिचालन गर्ने गराउनेछ।

**४. निर्देशक सिद्धान्त**

(१)कपुरकोट गाउँपालिकाको संस्कृति परम्पराको सम्मान र संरक्षण तथा जैविक विविधताको जगेर्ना गर्दै तुलनात्मक वाली तथा पशुपंक्षीजन्य उपजमा व्यवसायिकरण एवं विशिष्टिकरण गरी खाद्यान्नमा आत्मनिर्भर वनाउन खाद्य संप्रभुताका आधारभुत मान्यता र मापदण्ड अनुसारको दिगो कृषि प्रणाली अपनाउने ।

(२) समग्र कृषि क्षेत्रको विकास, व्यवसायिकरण र विशिष्टि करणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा नीजिक्षेत्रको साझेदारी एवं सहकार्यलाई आत्मसाथ गरी कार्यान्वयन गर्ने । यसका लगि सहकारी खेती, चक्ला बन्दी, करार खेती आदिको प्रोत्साहन गर्ने ।

(३) कृषि क्षेत्रमा रोजगारीका अवसर सृजना गर्न कृषि उद्यमको स्थापना तथा सञ्चालनमा जोड दिई कार्यक्रम सञ्चालन गर्ने ।युवा वर्गलाई कृषि सहकारी, कृषि व्यवसाय तथा उद्यमसँग जोडी थप रोजगारीको अवसर सृजना गर्ने ।

(४) कृषिक्षेत्रमा आश्रित महिला तथा पुरुष कृषक(विपन्न, साना किसान, महिला, दलित, आदिवासी जनजाती तथा युवा वर्ग) लाई कृषि प्रविधिमा पहुँच, कृषि प्रविधि अवलम्वन गर्ने क्षमताको विकास, उल्लेखित वर्गमैत्री प्रविधिको विकास र प्रवर्धन गरि कृषिलाई सम्मानजनक पेशा एवं आर्थिक समृद्धिका माध्यमको रुपमा विकास गर्ने ।

(५) कृषि क्षेत्रमा स्थानिय स्रोतसाधनको सदुपयोगमा जोड दिने र प्रांगारिक उत्पादन तथा वजारीकरणलाई प्रोत्साहन गर्ने । मानव एवं पशुपंक्षी स्वास्थ्यमा हानि पुऱ्याउने रसायन एवं विषादीको प्रयोगलाई निषेद गर्ने ।

(६) कपुरकोट गाउँपालिकाबाट कृषि कार्यका लागि वैज्ञानिक वजेट तथा कार्यक्रम तर्जुमा गर्ने, कृषक एवं कृषि उद्यमीलाई उपलब्ध गराउने सह-लगानीलाई व्यवस्थित, पारदर्शी र न्यायोचित वनाउन सोको कार्यान्वयन, अनुगमन तथा मूल्याकन पद्धतीलाई व्यवस्थित वनाउने ।

(७) नेपाल सरकारको भू–उपयोग नीति र कानूनका आधारमा कृषियोग्य भूमिको संरक्षण र दिगो उपयोग गर्दै संघ, प्रदेश र स्थानिय सरकारको कृषि विकासको रणनीति एवं समग्र विकासको लक्ष्य हासिल गर्न योगदान गर्ने ।

## परिच्छेद –३

## कृषि प्रसार सेवाको सञ्चालन, व्यवस्थापन तथा नियमन

**५. कृषि प्रसार सेवाको सञ्चालन एवं व्यवस्थापन तथा नियमनका लागी संस्थागत संरचना:**कृषि प्रसार सेवाको सञ्चालन, व्यवस्थापन र नियमनका लागी गाउँपालिकाले यस ऐन मार्फत देहाय वमोजिमको संस्थागत संरचनाको व्यवस्था गर्नेछ:

(१) कृषि तथा पशु शाखा वा सेवाकेन्द्रको स्थापना, सञ्चालन र व्यवस्थापन

(क) गाउँपालिकामा स्थापना भएका कृषि तथा पशु शाखा वा सेवा केन्द्रलाई व्यवस्थित ढंगले परिचालन गरिनेछ ।

(ख) गाउँपालिकामा कृषि प्रसार सेवालाई नियमित र प्रभावकारी वनाउन आवश्यक कर्मचारीको दरवन्दी पहिचान गरी नियम अनुसार पदपूर्तिको व्यवस्था गरिनेछ ।

(ग) गाउँपालिका तथा वडा स्तरमा प्रभावकारी कृषि प्रसार सेवाका लागी आवश्यक संरचनाको व्यवस्था गरिनेछ.

(घ) गाउँपालिकाको कृषि तथा पशु विकास शाखाको क्षमता विकासका लागी आवश्यक व्यवस्था गरिनेछ ।

(२) गाउँपालिका स्तरीयकृषि विकास समितिको गठन तथा परिचालन

(क) कृषि क्षेत्रको समग्र विकासमा नीति निर्माण, योजना तर्जुमा, कृषि प्रसार सेवामा जवाफ देहिता एवं पारदर्शीता, कार्यान्वयन तथा अनुगमन र समन्वयमा गाउँपालिकालाई सहजिकरण गर्न गाउँ कृषि विकास समितिको गठन गरिने छ ।

(ख) गाउँपालिका स्तरीय कृषि विकास समिति गाउँ कार्यपालिका अन्तर्गत, गाउँ कार्यपालिकाले तोकेको जनप्रतिनिधिको नेतृत्वमा कृषक, सहकारी, नीजिक्षेत्र समेतको

प्रतिनिधित्व रहने गरी गठन गरिने छ र सो समितिको सदस्य सचिवका रुपमा सम्बन्धित शाखाको प्रमुख रहनेछ।

(ग) गाउँपालिका स्तरीय कृषि विकास समितिको संरचना, काम, कर्तव्य र अधिकार गाउँपालिका ले तय गरेको कार्यविधि अनुसार हुनेछ ।

(३) वडा तहमा संस्थागत संरचना, सञ्चालन एवं व्यवस्थापन

(क) कृषि प्रसार सेवा भरपर्दो, कृषक एवं कृषि उद्यमीको माग र आवश्यकता अनुसारको सेवा प्रवाह गर्न, कृषि प्रसार सेवाको पहुँचलाई यस गाउँपालिकाको हरेक वडा तथा वस्ती र कृषक समुदायमा विस्तार गर्न वडा तहमा एकिकृत कृषि प्रसार सेवा केन्द्र वा संयन्त्रको स्थापना एवं परिचालन गर्नेछ ।

(ख) सेवा केन्द्रको तथा संयन्त्रको प्रभावकारिता, सेवामा विशिष्टिकरण, व्यवसायिकता तथा मितव्ययीताका लागि सार्वजनिक, सामुदायिक एवं नीजि क्षेत्रको साझेदारिता एवं सहकार्यको अवधारणा अपनाईनेछ ।

(४) कृषक समूह र सहकारीको गठन, दर्ता तथा नविकरण

(क)सहभागीता मूलक कृषि तथा पशुपंक्षी विकास कार्यक्रमको व्यवसायीकता अभिवृद्धि गर्नका लागी क्षेत्रगत तथा विषयगत कृषक समूह र सहकारीको गठनका लागि गाउँपालिकाले सहजीकरण गर्नेछ ।

(ख)कृषक समूह तथा सहकारी नियमानुसार गाउँपालिकामा दर्ता एवं नविकरण गर्नुपर्नेछ ।

**६. स्थानिय कृषि स्रोत व्यक्तिको पहिचान, विकास तथा परिचालन**

(१)गाउँपालिका ले रणनैतिकरुपमा प्रथमिकताका साथ प्रवर्धन गर्न चाहेको कृषि उपज मूल्य श्रृङ्खलामा प्राविधिक सेवा पुऱ्याउन गाउँपालिका भित्र रहेका स्थानीय कृषि श्रोत व्यक्तिको पहिचान, क्षमता विकास र आवश्यकता अनुसार परिचालन गर्न सक्नेछ ।

(२) स्थानिय कृषि स्रोत व्यक्तिलाई गाउँपालिकाको वडा तहमा सार्वजनिक, सामुदायिक, नीजि साझेदारी मोडेलमा परिचालन गर्न सकिने छ ।

**७. विशिष्टिकृत सेवा एवं भौचर प्रणालीमा आधारित कृषि प्रसार सेवा**

(१) गाउँपालिका भित्रका विपन्न तथा साना कृषकलाई कृषि तथा पशुपंक्षी सम्बन्धि लक्षित कार्यक्रम गाउँपालिकाले भौचर प्रणाली मार्फत कार्यान्वयन गर्न सक्नेछ ।

**८. स्थानीय तहमा श्रोत केन्द्रको स्थापना तथा संचालन**



(१)स्थानीय स्तरमा कृषि प्रविधिको परिक्षण प्रदर्शन र विस्तारका लागि गाउँपालिकाले आवश्यकता अनुसार श्रोत केन्द्रको स्थापना तथा संचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) अनुसारको श्रोत केन्द्र संचालनको लागि सार्वजनिक, सामुदायिक र नीजि साझेदारीको अवधारणा अवलम्बन गर्न सक्नेछ ।

**९. सूचना तथा प्रचार प्रसार**

(१) गाउँपालिकाले कृषकलाई कृषि तथा पशुपंक्षी सम्बन्धी तालिम, प्रविधि, प्राविधिक सेवा, कृषक क्षमता तथा सीप विकास, सशक्तिकरण सम्बन्धी सूचना उपलब्ध गराउने छ ।

(२)कृषि सूचना प्रभावकारी प्रवाहको लागि गाउँपालिकाले कृषि तथा पशुपंक्षी सम्वन्धि तथ्यांकको अध्यावधिक, व्यवस्थापन र उपयुक्त सूचना प्रणालीको अवलम्बन गर्नेछ,

(३)उपदफा (१) र (२) वमोजिमको सूचनाको हक उपलब्ध गराउनेछ ।

## परिच्छेद– ४

## सामुहिक तथा करार खेती, पकेट क्षेत्र विकास तथा सञ्चालन

**१०.सामुहिक तथा सहकारी खेती सम्वन्धि व्यवस्थाः** साना तथा विपन्न कृषकलाई व्यवसायतर्फ उन्मुख गर्न सामुहिक तथा सहकारी खेतीलाई प्रोत्साहन गरिनेछ ।

**११. करार खेती सम्वन्धि व्यवस्था**

(१)यस गाउँपालिकाले कृषि उत्पादन योग्य जमिनको उचित सदुपयोग तथा व्यवसायिकरणका लागी प्रचलित कानुन वमोजिम करार खेतीलाई प्रवर्धन गर्न सक्नेछ ।

(२) गाउँपालिका भित्र रहेका पर्ति, ऐलानी जग्गामा कृषि प्रयोजनका लागि प्रयोग तथा करारमा दिन सकिनेछ ।

**१२. पकेट क्षेत्र विकास तथा सञ्चालनः** कृषि उपजको उत्पादन तथा उत्पादकत्त्व पहिचान गरि कृषिको व्यवसायीकरण एवं विशिष्टकरणका लागि गाउँपालिकाले भौगोलिक र प्राविधिक सम्भाव्यता र उपयुक्तताको आधारमा कृषि तथा पशुपंक्षी जन्य उत्पादन पकेट क्षेत्रको निर्धारण गरी कार्यक्रम संचालन गर्नेछ ।

## परिच्छेद –५

## कृषि सामग्रीको आपूर्ति, उपयोग र नियमन

**१३. बीउविजन, मलखाद तथा जैविक विषादीको सहज उपलब्धता**

(१) गाउँपालिकाले कृषकलाई आवश्यक उन्नत नश्ल, बीउ विजन, कृषि औजार, जैविक विषादी, मलखाद, औषधी जस्ताकृषि सामग्रीहरु सरल र सहज ढंगबाट समयमा नै व्यवस्था गर्नेछ ।

(२) रोगव्याधिको महामारी संक्रमण फैलिएका स्थलमातत्काल दक्ष प्राविधिक खटाई रोग महामारी संक्रमण नियन्त्रण गर्न सहयोग पुऱ्याउनेछ ।

(३)उपदफा(१)वमोजिमका कृषि सामग्रीहरुको गुणस्तर र सहज उपलब्धताको सुनिश्चितताका लागी गाउँपालिकाले सेवा प्रदायक निकायहरुको उचित परिचालन, अनुगमन र नियमन गर्नेछ ।

**१४. कृषि सामाग्रीको नियमन**

(१) गाउँपालिकाले गाउँपालिकाको क्षेत्र भित्र विक्रि वितरण हुने कृषि सामाग्री, बीउ विजन, विषादी, नश्ल आदिको अनुगमन तथा नियमन गर्नेछ ।

(२)अनुगमन तथा नियमनका लागि समवन्धित विषयको विज्ञ संलग्न गरि अनुगमन समिति वा कार्यदल बनाउन सक्ने छ ।

(३) उपदफा (१) र (२) वमोजिम अनुगमन गर्दा कानुन विपरित भए गरेको पाइएमा गाउँपालिका ले कानुन वमोजिम दण्ड तथा जरिवाना गर्न सक्ने छ ।

## परिच्छेद ६

## <u>भण्डारण, प्रशोधन, प्रदर्शनी स्थल, तथा बजार व्यवस्थापन</u>

**१५. कृषि उपजहरुको भण्डारण र प्रशोधन**

(१)गाउँपालिकाले आपतकालिन अवस्थाका लागी कृषि जन्य वस्तुहरुको उचित भण्डारणको व्यवस्था गर्न सक्नेछ ।

(२) रैथाने, लोपोन्मुख, जडीबुटी तथा स्थानीय परम्परा सस्कृति सँग जोडिएका वाली वस्तुको संरक्षण र प्रवर्धनका लागी स्थानीय तहमा बीउ वैंक, प्रजनन केन्द्र तथा विशेष संरक्षण क्षेत्रको व्यवस्था गर्न सक्नेछ ।

(३) कृषि उपजको सहज उपलब्धता र वजारीकरणका लागी सामुदायिक एवं नीजि क्षेत्रको सहभागितामा कृषि उपजको भण्डारणमा सहजीकरण र सहकार्य गर्नसक्नेछ ।

(४) कृषकलाई कृषि उपजको उचित मूल्य उपलब्ध गराउन, रोजगारीको अवसर सृजना गर्न कृषि उपजको प्रशोधन सम्वन्धि उद्यमलाई प्रोत्साहन गर्नेछ ।

**१६. कृषि तथा पशुपंक्षी प्रदर्शनी र व्यापार मेला सञ्चालनः**गाउँपालिकाले विभिन्न संघ संस्थाको सहकार्य र समन्वयमा कृषि उपजको संरक्षण, प्रवर्धन, बजारीकरण, कृषकहरुलाई प्रोत्साहन र कृषि प्रविधिको प्रचार प्रसारकालागि स्थानीय स्तरमा कृषि तथा व्यापार मेला, प्रदर्शनी, खाद्य महोत्सव सञ्चालन गर्नेछ ।

**१७. हाट तथा वजारको व्यवस्था**



(१) स्थानीय स्तरमा उत्पादन गरिएका कृषि तथा पशुपंक्षीजन्य उत्पादनको वजारीकरणका लागि कोशेली घर, हाटबजार, संकलन केन्द्र वा सहकारी सुपथ मुल्यका पसलहरु संचालनमा ल्याई आम उपभोक्तालाई उचित मूल्यमा गुणस्तरीय वस्तु तथा सेवा उपलब्ध गराइनेछ ।

(२)उपदफा(१) मा उल्लेखित वजार तथा पसल सञ्चालनमा नीजिक्षेत्र, समुह तथा सहकारीलाई प्रोत्साहन गरिने छ र गाउँपालिकाले नीजि, सामुदायिक एवं सार्वजनिक साझेदारीको अवधारणा अवलम्वन गर्नेछ ।

(३) गाउँपालिकले कृषि जन्य उपजको निकासी पैठारीको व्यवस्था गर्न सक्नेछ ।

(४) मासुजन्य पदार्थको स्वच्छताको लागि आधुनिक वधशालाको निर्माण, सुदृढिकरण र विस्तारमा जोड दिइनेछ ।

## परिच्छेद ७

## <u>किसानको वर्गिकरण, अनुदान, विमा, कोष तथा पेन्सन सम्वन्धि व्यवस्था</u>

**१८. किसानको वर्गिकरण**

(१) कपुरकोट गाउँपालिकाले कार्यविधि वा मापदण्ड निर्धारण गरी कृषकको वर्गिकरण गर्न सक्नेछ ।

(२) भुमीहिन कृषकलाई भू–उपयोगको मापदण्ड वनाई एकल वा सामूहिक व्यवसायको लागि करारमा जमिन उपलब्ध गराई कृषि व्यवसायमा संलग्न गराउन सक्नेछ ।

**१९. अनुदान र सह-लगानीसम्बन्धी व्यवस्था**

(१) गाउँपालिकाले समग्र कृषि क्षेत्रको विकासका लागी कृषि सामग्री, पूर्वाधार निर्माण, वजारीकरण, प्रविधि सेवाको क्षेत्रमा कृषक र कृषक समुहलाई मापदण्ड वनाई अनुदान वा सह-लगानी उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) मा उल्लेखित क्षेत्रहरुमा समुह, सहकारी र नीजि क्षेत्रको लागि सहलगानीको व्यवस्था गर्न सकिनेछ ।

(३) माथि उल्लेखित उप–दफाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँपालिकाले गरिवीको रेखा मुनी रहेका महिला, दलित जनजाति, भूमिहिन कृषकलाई निर्देशिका वनाई विशेष अनुदान उपलब्ध गराउन सक्नेछ ।

**२०. विमा सम्बन्धी व्यवस्थाः**

(१) कृषि वाली, नगदे वाली, तरकारी खेति, पशुपंक्षी पालन, माछापालन लगायत कृषि व्यवसाय गर्ने कृषकलाई तोकिएको वा तोकिए वमोजिम विमा सुविधा उपलब्ध गराईने छ ।

**२१. कृषि विकास कोष तथा पेन्सनको व्यवस्था**

(१) गाउँपालिकाले कृषि तथा पशुपंक्षी क्षेत्रको समग्र विकासका लागि विशेष कोषको स्थापना तथा सञ्चालन गर्न सक्ने छ ।

(२) उपदफा (१) वमोजिम स्थापना भएको कोषबाट कार्यविधि वनाई कृषकलाई विशेष अनुदान, सहलगानी वा कृषकलाई योगदानमा आधारित पेन्सनको व्यवस्था गर्न सकिने छ ।

**२२. कृषि ऋणः**

(१)व्यवसायीक कृषक, कृषि उद्यमीलाई सहुलियत व्याजदरमा कृषि ऋण उपलव्ध गराउन बैंक तथा वित्तिय संस्थासँग गाउँपालिकाले सहजीकरण गर्न सक्नेछ ।

## परिच्छेद ८

## कृषियोग्य जमिन व्यवस्थापन

**२३. जग्गा भाडामा लिन र दिन सक्ने**

(१) भूमिहिन वा कम जमिन भएका व्यक्ति वा कृषक समुह र सहकारीलाई उत्पादनमा वृद्धि गर्न सहयोग पुर्याउनका लागि कृषि जग्गा भाडामा लिने र दिने व्यवस्थालाई प्रवर्धन गर्दै आधुनिक खेति प्रणाली विकाशका लागि कपुरकोट गाउँपालिकाले जग्गा भाडामा लिने र दिने पक्ष विच समन्वयात्मक भूमिका खेल्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम भाडामा लिनेर दिनेपक्ष बीच करारनामा सझौता भएका भाडामा दिने जमिनका हकदारसँग तोकिए वमोजिम जमिन भाडा कर उठाइने छ ।

(३) सहकारी/समूह/निजि उद्यमी/सामुदायमा आधारित संस्था वा व्यक्तिहरु मिलेर सामूहिक खेति गर्न चाहेमा स्थानीय तहवाट स्वीकृती लिई खेती गर्न सक्नेछन् ।

(४) उपदफा (३) वमोजिम खेती गर्ने पक्षहरु र जमिन भाडामा दिने पक्षले कानुन वमोजिम गाउँपालिकाले निर्धारित गरेको कर बुझाउनु पर्ने छ ।

(५) खाली ऐलानी जमिनको कृषि प्रयोजनका लागि उपयोग गर्ने सम्वन्धमा भु-उपयोग नीति वनाई कार्यान्वयन गरिनेछ ।

(६) कपुरकोट गाउँपालिका भित्र रहेका खेतियोग्य प्रयोगमा आएका निजि ऐलानि/गुठिका जमिन, वाझो, पर्ति, नदी उकास तथा अन्य सार्वजानिक तथा खाली जग्गालाई चक्लाबन्दि खेति संचालन कार्यविधि बनाएर प्रयोगमा ल्याइने छ ।

**२४. स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन**

(१) कीट तथा पशुपंछिको विकासको लागि स्थानीय तहमा उपलव्ध भएका सार्वजनिक जमिन, खर्क वा वाँझो जमिनलाई चरन, खर्कक्षेत्र तोकी प्रयोगमा ल्याउन सकिनेछ ।

(२) उपदफा (१) वमोजिमका क्षेत्रमा चरीचरन गराउने पशुपालक कृषकले चरन गराएवापत कपुरकोट गाउँपालिकालाई वार्षिक तोकिए वमोजिमको शुल्क बुझाउनु पर्नेछ ।

(३) कुनै व्यक्तिले जमिनवाँझो राखेमा उक्त जमिन स्थानीय तहले तोकिएको वार्षिक शुल्क तिर्ने गरी निश्चित अवधिको लागि करार सम्झौता गरी भाडामा लिन सक्नेछ ।



(४) माथि उप–दफाहरुमा जुनसुकै कुरा उल्लेख भएतापनि कुनै किसानले कृषियोग्य जमिन बाँझो राखेमा त्यस्ता किसानहरुलाई कपुरकोट गाउँपालीकाले तोकिए वमोजिमको जरिवाना गर्न सक्नेछ ।

(५) कपुरकोट गाउँपालिका क्षेत्र भित्र खुल्ला चरीचरण नियन्त्रणका लागि आवश्यक कार्यविधि वनाइ कान्जि घर वनाइने छ ।

## परिच्छेद १०

## विविध

**२५. पानी मुहान, पोखरी, नदीनाला, स–साना कूलो संरक्षण**

(१) गाउँ भित्र प्राकृतिक रुपमा रहेका पानीका मुहान, पोखरी नदीनाला, परम्परागत कूलो बाँधको मर्मतसंभार र जिर्णोद्धार गरि सिंचाई तथा खानेपानीका लागि सञ्चालनमा ल्याईनेछ।यस्ता सिचाई प्रवर्धनमा विद्युतीय तथा सौर्य उर्जाको उपयोगमा जोड दिइने छ ।

**२६. जलवायु अनुकुलन, जैविक विविधता र वातावरणको संरक्षण**

(१) जलवायु अनुकुलनका लागि उपयुक्त प्रविधि विकासमा जोड दिइने छ। प्राकृतिक पहिचान भएका वाली वोटविरुवा तथा बीउ विजनको अनुवंश, जीवको संरक्षण, सम्वर्धन, प्रर्वधन र जलवायु अनुकुलन गर्ने दायित्व गाउँपालिकाको हुनेछ ।

(२)उपदफा (१) वमोजिम संरक्षण, सम्वर्धन तथा प्रवर्धन गर्दा र जमिनको प्रयोग गर्दा वातावरणमा कुनै किसिमको फेरवदल हुने वा असर पार्ने कार्य नगरी वातावरणलाई दीगो रुपमा संरक्षण गर्नु पर्नेछ ।

**२७. अन्तर निकाय समन्वय र सहकार्य**

(१)गाउँपालिका भित्र कार्यरत अन्तर सरकारी निकाय र गैरसरकारी निकाय वीच कार्यक्रम सञ्चालनमा दोहोरो नपर्ने र समन्वय तथा सहकार्यमा योजना तर्जुमा गरि कार्यान्वयन गरिनेछ । यस प्रकारको समन्वय तथा सहकार्यको सहजिकरण गाउँपालिकास्तरीय कृषि विकास समितिले गर्ने छ ।

(२) उपदफा (१) वमोजिम योजना कार्यान्वयन गर्दा अन्तरपालिका तथा प्रदेश–प्रदेश वीच समन्वय गर्नु आवश्यक भएमा कपुरकोट गाउँपालीकाले प्रदेश मार्फत वा सिधै पनि सम्पर्क वा समन्वय गर्न सक्नेछ ।

**२८. कृषि पर्यटनः** पर्यटन प्रवर्धन हुनेगरी व्यवसायिक कृषि सञ्चालन गर्न गाउँपालिकाले प्रोत्साहन गर्ने छ । कृषि तथा पशुको स्रोत केन्द्र विकास गर्दा पर्यटन प्रवर्धन हुने गरी सञ्चालन गर्नु पर्नेछ । कृषि पर्यटन प्रवर्धन गर्न नमुना कृषि पर्यटन स्थल घोषणा गरिने छ ।

**२९. कृषिवन प्रणालीको विकासः** जलवायु तथा पर्यावरणीय क्षेत्रमा आएको फेरवदल र बढ्दो खाद्यान्नको मागको वर्तमान अवस्थालाई दृष्टिगत गरि एकिकृत कृषि व्यवसाय अपनाउन र

वातावरण तथा वनस्पतिको संरक्षण गर्दै खाद्यान्न उत्पादन बढाउन पातलिएको वनमा स्थान विषेश वाली तथा फलफुलको खेति विकास गरि खाद्यान्न, फलफुल तथा नगदेबाली र घाँस खेती विकास गरिनेछ ।

३०. **आन्तरिक तथा वाह्य सहयोग लिन सक्नेः** संघिय सरकारको अनुमति लिई स्थानीय तहले आफ्नो क्षेत्रको विकासको लागि स्वदेशी वा विदेशी संघ संस्थासंग आर्थिक तथा प्राविधिक सहयोग लिन सक्नेछ । तर गाउँपालिकाले यसरी प्राप्त रकम, सहायता सम्झौता भएको क्षेत्रमा नै प्रयोग गर्नु पर्ने छ ।

३१. **पशुपंक्षी अस्पतालः** कपुरकोट गाउँपालिका भित्र गाउँपालिका स्तरिय पशुपंक्षी अस्पताल स्थापना तथा संचालन गर्नेछ ।

३२.**कृषिमा अध्ययन, अनुसन्धानमा छात्रवृति तथा पुरस्कारको व्यवस्थाः** कपुरकोट गाउँपालिका भित्र कृषि तथा पशुपंक्षी सम्बन्धि अध्ययन तथा अनुसन्धान, सिकाइ एवं तालिम केन्द आदिको स्थापना र सञ्चालन गरिनेछ । विभिन्न विषय विज्ञहरुलाई अध्ययन अनुसन्धानका लागि सहयोग गरिनेछ र यस क्षेत्रमा काम गर्ने अनुसन्धान कर्ता, विधार्थी, कृषकहरुलाई प्रोत्साहन स्वरुप पुरस्कार तथा छात्रवृत्ति प्रदान गरिने छ ।

३३. **नियम/कार्यविधि/मापदण्ड/मार्गदर्शन बनाउने अधिकारः** यस ऐनको कार्यान्वयनको लागि कपुरकोट गाउँपालिकाले आवश्यक नियम कार्यविधि/मापदण्ड/मार्गदर्शन/निर्देशिका बनाई कार्यन्वयन गर्न सक्नेछ ।

३४.**संघ, प्रदेश सरकारको ऐनसँग वाझिएमा वाझीएको हदसम्म अमान्य हुनेः** कपुरकोट गाउँपालिका बाट तर्जुमा गरिएको यो ऐन संघ र प्रदेशको ऐनसँग बाझिन गएमा बाझिएको हद सम्म यो ऐनका सम्बन्धित दफाहरु निस्कृय रहने छ ।

३५. **व्याख्या गर्ने अधिकारः** यो ऐनको व्याख्या गर्ने अधिकार कपुरकोट गाउँकार्यपालिकामा निहित रहने छ ।

३६. **बचाउ तथा खारेजीः** कपुरकोट गाउँपालिकाले कृषि तथा पशुपक्षी सम्वन्धि यस अघि गरेका सम्पुर्ण निर्णयहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची –१

दफा २ को खण्ड (ग) सँग सम्वन्धित

(१) खाद्यान्न वाली,

(२) वागवानी जन्य: फलफूल, तरकारी, मसलावाली, पुष्प

(३) पशुपन्छी तथा पशुपन्क्षी जन्य उत्पादन (मासु,दुध,फुल,हाड,छाला,ऊन)

(४) घाँसेवाली

(५) मत्स्यपालन,

(६) च्याउ,

(७) मौरी, रेशम

(८) चिया, कफी, अलैची, सुपारी,

(९) तेलहन, दलहन

(१०) कपास, जुट, उखु,रबरखेती,टिमुर

(११) काष्ठफल (वदाम, ओखर, काजु......अन्य)

(१२) गैरकाष्ठवनपैदावार

(१३) कृषि पर्यटन

(१२) कृषिका सबै उपक्षेत्रसँग सम्बद्ध उत्पादन र सो शब्दले औधोगिक प्रयोजनमा हुने कृषिवस्तुहरु

(१३) कृषि तथा पशुजन्य उत्पादनको प्रशोधन उद्योग

(१३) कृषि तथा पशुजन्य उत्पादन सामाग्री (दाना, मलखाद्य, विषादी, औषधी) आदिको प्रशोधन उद्योग

(१४) खेती प्रणालीमा समाबिष्ट कृषि तथा पशुजन्य बस्तुहरु ।

प्रमाणित गर्नेः दुर्गा बहादुर पुन
अध्यक्ष
कपुरकोट गाउँपालिका सल्यान
दस्तखतः